# आकाशवाणी समाचार- नेपाली

मितिः १२ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज चण्डीगढमा पञ्जाब विश्वविद्यालयको ७२ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुनेछ
- प्रधानमन्त्री नरेन्द्र मोदीले मौरिससलाई भारत र ग्लोबल साउथ बीचको एक महत्वपूर्ण सेतुको रूपमा वर्णन गर्नुभएको छ।
- केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधानले हिज राज्यसभामा 2014 मा नरेंद्र मोदी सरकार सत्तामा आएपछि शिक्षा क्षेत्रका लागि बजटीय आवंटनमा लगातार वृद्धि गरिएको बताउनुभएको छ।
- पाकिस्तानको बलुचिस्तान प्रान्तमा बलुच लिबरेशन आर्मी-बीएलएले हिज पेशावर जाने रेलमा आक्रमण गरी यात्रुहरूलाई बन्धक बनाएका छन् ।
- मुम्बईमा भएको महिला प्रिमियर लिग क्रिकेटको अन्तिम लिग खेलमा रोयल च्यालेन्जर्स बैंगलोरले मुम्बई इन्डियन्सलाई एघार रनले पराजित गरेको छ।

**राष्ट्रपति-पञ्जाब भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले आज चण्डीगढमा पञ्जाब विश्वविद्यालयको ७२ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुनेछ। यसैक्रममा राष्ट्रपतिले हिजो साँझ मोहालीमा पञ्जाब सरकारले आयोजना गरेको नागरिक स्वागत समारोहमा बोल्नु हुँदै गुरुहरूको आशीर्वाद र प्रेरणाले पञ्जाबको भूमिले शहीद र क्रान्तिकारीहरूलाई जन्म दिएको बताउनु भयो। उहाँले भन्नुभयो, देशको स्वतन्त्रता संग्रामका महत्त्वपूर्ण अध्यायहरू यस भूमिमा लेखिएका छ।विभिन्न क्षेत्रमा राज्यको अतुलनीय योगदानलाई उल्लेख गर्दै राष्ट्रपतिले पञ्जाबका प्रगतिशील किसानहरूले आफ्नो कडा परिश्रमबाट हरित क्रान्तिलाई सफल बनाए र देशलाई खाद्य सुरक्षा प्रदान गरेको बताउनु भयो। उहाँले राज्यका किसान र कृषि वैज्ञानिकहरूले पर्यावरणमैत्री कृषि अपनाएर कृषि क्षेत्रमा फेरि एक पटक सम्पूर्ण देशलाई नेतृत्व प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।अर्को तिर मुख्यमन्त्री भगवन्त सिंह मानले राष्ट्रपतिको भ्रमणलाई लिएर हरेक पञ्जाबी उत्साहित रहेको बताउनु भयो ।

****** ० ******

**प्रधानमन्त्री मोदी मौरिसस**

प्रधानमन्त्री नरेन्द्र मोदी आज मौरिससको राष्ट्रिय दिवस समारोहमा प्रमुख अतिथिको रुपमा उपस्थित रहनु हुनेछ। श्री मोदीले हिजो पोर्ट लुइसमा मौरिससका प्रधानमन्त्री नवीन चन्द्र रामगुलामसँग सकारात्मक वार्ता गर्नुभयो र दुई देशहरू बीचको साझेदारीलाई सुदृढ पार्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो। दुई नेताहरूले द्विपक्षीय सम्बन्धमा हालको सहयोगको समीक्षा गर्नुभयो र दुई देश बीचको विशेष सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन नयाँ मार्गहरूबारे छलफल गर्नुभयो। बैठकमा प्रमुख रूपमा रक्षा, सुरक्षा, आर्थिक सम्बन्ध र सांस्कृतिक आदानप्रदानबारे चर्चा भएको थियो। श्री मोदीले भारत मौरिससको एक मूल्यवान र विश्वसनीय विकास साझेदार हुन पाउँदा गर्व गर्छ र दुई देशले ग्लोबल साउथको हितलाई प्रवर्द्धन गर्न मिलेर काम गर्ने कुरा पुन: पुष्टि गर्नुभयो। मौरिससका प्रधानमन्त्रीले आयोजना गरेको भोजको क्रममा सम्बोधन गर्दै श्री मोदीले भारत-मरिसस साझेदारी ऐतिहासिक सम्बन्धमा मात्रै सीमित नभएको बताउनु भयो। उहाँले भनुभयो, दुवै देशले महत्वपूर्ण पूर्वाधार परियोजनाहरूमा मिलेर काम गरिरहेका छन्, जसले मौरिससको हरेक कुनामा विकासको अमिट छाप छोडिरहेको छ। प्रधानमन्त्रीले सरकारी र निजी क्षेत्रमा क्षमता अभिवृद्धि र मानव संसाधन विकासमा पारस्परिक सहयोगको नतिजा देखिन थालेको बताउनु भयो। श्री मोदीले भनुभयो भारत-मरीशस सम्बन्धको कुनै सीमा छैन। उहाँले दुई देशबीचको सम्बन्धको बारेमा आशा र आकांक्षाहरूको कुनै सीमा नभएको उल्लेख गर्नुभयो।

****** ० ******

**प्रधानमन्त्री - भारतीय प्रवासी**

प्रधानमन्त्री नरेन्द्र मोदीले मौरिससलाई भारत र ग्लोबल साउथ बीचको एक महत्वपूर्ण सेतुको रूपमा वर्णन गर्नुभएको छ। हिजो राति मौरिससको राजधानी पोर्ट लुइसमा भारतीय प्रवासीहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, मौरिसस भारतको सागर भिजनको केन्द्रमा रहेको छ, जुन पहिलो पटक २०१५ मा श्री मोदीको मौरिसस भ्रमणको क्रममा घोषणा गरिएको थियो। प्रधानमन्त्रीले मौरिसस केवल एक साझेदार देश मात्र होइन तर भारत परिवारको एक हिस्सा भनि बताउनुभयो। श्री मोदीले मौरिससको विकासमा सबै सम्भव सहयोगको आश्वासन दिनुभयो, जसमा त्यहाँ नयाँ संसद भवनको निर्माण पनि समावेश छ।मौरिससका प्रधानमन्त्री डा. नवीनचन्द्र रामगुलम, उनकी श्रीमती र क्याबिनेट मन्त्रीहरू कार्यक्रममा उपस्थित थिए। श्री मोदीको भाषण हिन्द महासागर क्षेत्र सुरक्षित गर्न सहयोगी प्रयासहरूमा पनि केन्द्रित थियो। मौरिसससँग विशाल समुद्री क्षेत्रहरू भएको हुनाले, प्रधानमन्त्री मोदीले अवैध माछा मार्ने, डकैती र समुद्री अपराधहरू विरुद्ध लड्न भारतको विश्वसनीय साझेदारको भूमिकामा जोड दिनु भयो। उहाँले भन्नुभयो, एक विश्वसनीय मित्रको रूपमा, भारतले आफ्नो राष्ट्रिय हितको रक्षा गर्न र हिन्द महासागर क्षेत्र सुरक्षित गर्न मौरिससँग काम गरिरहेको छ। प्रधानमन्त्रीले आफ्नो ३० मिनेटको भाषणमा भोजपुरी भाषाको पनि प्रयोग गर्नुभयो किनभने त्यहाँको जनसंख्याको ७० प्रतिशत भारतीय मूलका छन् र तिनीहरू मुख्यतया भोजपुरी बोल्छन्।

****** ० ******

**FSSAI- डेयरी**

खाद्य नियामक भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरणले मार्चमा चलिरहेको चाडपर्वको मौसमलाई ध्यानमा राख्दै सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई 'डेयरी एनालगहरू' मा निगरानी बढाउन भनेको छ। 'डेयरी एनालग' भनेको ती उत्पादनहरू हुन् जसमा आंशिक रूपमा वा बिल्कुलै दूध हुँदैन। तर तिनीहरू रूप, बनावट र कार्यक्षमतामा दुग्धजन्य उत्पादनहरूसँग मिल्दोजुल्दो हुन्छन। भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरणले मंगलबार एक विज्ञप्तिमा भनेको छ, बढ्दो मागको अवधिमा खाद्य वस्तुहरूमा मिसावट र गलत लेबलिङ रोक्न यो उपाय गरिएको हो।

****** ० ******

**शिक्षा मंत्री**

केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधानले हिज राज्यसभामा 2014 मा नरेंद्र मोदी सरकार सत्तामा आएपछि शिक्षा क्षेत्रका लागि बजटीय आवंटनमा लगातार सालैपछि वृद्धि गरिएको बताउनुभएको छ। मंत्रीले भन्नुभयो, यस वर्ष केंद्रीय बजटमा शिक्षाका लागि एक लाख 28 हजार करोड़ रुपियाँ अधिक आवंटित गरियो, जुन पछिलो वर्षको तुलनाम 6.22 प्रतिशत अधिक हो। श्री प्रधानले भन्नुभयो, यस वर्ष बजटमा भारतीय भाषा पुस्तक योजनाको क्रियान्वयनको प्रावधान गरिएकोछ, जस अन्तर्गत सबै 22 अनुसूचित भाषाको साथ-साथ अंग्रेजीको पाठ्यपुस्तकको डिजिटलीकरण गरिनेछ। श्री प्रधानले भन्नुभयो, राष्ट्रीय शिक्षा नीतिमा कुनै भाषालाई जबर्जस्ती थोपने काम गरिने छैन । एनईपी मातृभाषा आधारित शिक्षाका लागि हो। उहाँले भन्नुभयो, बहुभाषावाद आजको समयको आवश्यकता हो।

****** ० ******

**पञ्जाब-एन आइए**

पञ्जाबको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) को मोहालीस्थित विशेष अदालतले सन् २०१९ मा पञ्जाबको तरनतारनमा ड्रोन मार्फत विस्फोटक पदार्थ र हतियार खसालेको आरोपमा नौ जना अभियुक्तलाई जेल सजाय सुनाएको छ।अभियुक्तहरू प्रतिबन्धित आतंकवादी संगठन-खालिस्तान जिन्दाबाद फोर्ससँग सम्बन्धित छन्। ड्रोनबाट हतियार खसाल्ने काम जर्मनीमा रहेका आतंकवादी गुरमित सिंह बग्गा र पाकिस्तानमा रहेका आतंकवादी रन्जित सिंह नीताले गरेका थिए। एनआईएले अक्टोबर २०१९ मा अमृतसर पुलिसबाट मुद्दा आफ्नो जिम्मा लिएको थियो।

****** ० ******

**पाकिस्तान रेल आक्रमण**

पाकिस्तानको बलुचिस्तान प्रान्तमा भएको पृथकतावादी द्वन्द्वमा, आतंककारीहरूले हिजो पेशावर जाने रेलमा आक्रमण गरे र लगभग ४५० यात्रुहरूलाई बन्धक बनाए। पछि उनीहरूले सर्वसाधारण बन्धकहरूलाई रिहा गरे र सैन्य कर्मचारीहरू सहित २१४ जनालाई बन्धक बनाएर राखेका छन्। आक्रमणको जिम्मेवारी लडाकू पृथकतावादी समूह बलुच लिबरेशन आर्मी-बीएलएले लिएको छ। बीएलएले आक्रमणमा ३० भन्दा बढी सैनिक मारिएको बताएको छ। आक्रमणको समयमा रेल क्वेटाबाट पेशावर जाँदै थियो।

उद्धार टोली र सुरक्षा बल घटनास्थलमा पुगेका छन् र आक्रमणकारीहरूलाई पक्रन अभियान चलिरहेको छ। पाकिस्तान सरकारका प्रवक्ताले सुरक्षा बलले करिब ८० यात्रुलाई उद्धार गरेको दाबी गरे भने बलुच लिबेरेसन आर्मीले सर्वसाधारणलाई रिहा गरेको बताएको छ। बीएलएले पाकिस्तानी सेनाको स्थल आक्रमणलाई पूर्ण रूपमा विफल पारेको र सेनालाई पछि हट्न बाध्य पारेको बताएको छ। बीएलएले १०० सुरक्षाकर्मीलाई बन्धक बनाएको पनि दाबी गरेको छ। बीएलएले सेनाले हवाई आक्रमण बन्द नगरे सबै बन्धकहरूलाई मारिने चेतावनी दिएको छ। बीएलए बलुचिस्तानको सबैभन्दा बलियो विद्रोही समूहहरू मध्ये एक हो र यसको प्रमुख मागहरू मध्ये एक पाकिस्तानबाट अलग बलुच देश बनाउनु हो। यो समूह अफगानिस्तान र इरानको सीमासँग जोडिएको खनिजले भरिपूर्ण क्षेत्रमा सक्रिय छ। ग्वादर बन्दरगाह र चीन-पाकिस्तान आर्थिक करिडोर जस्ता चीनका प्रमुख परियोजनाहरू यसै क्षेत्रमा पर्छन्।

****** ० ******

**नेपाल - कानून निर्माता**

काठमाडौँमा हिज बसेको प्रतिनिधिसभाको बैठकमा नेपालका सांसदहरूले विभिन्न समसामयिक मुद्दाहरूमा सरकारको ध्यानाकर्षण गराए। आपातकालीन समयमा, सांसदहरूले आफ्नो विचार व्यक्त गर्दै राजतन्त्र लोकतन्त्रको विकल्प हुन नसक्ने बताए। उनहरुले संविधान विपरीत भइरहेका गतिविधिप्रति सरकारको ध्यानाकर्षण गराए। बैठकमा विपक्षी दलका नेताहरूले प्रमुख मुद्दाहरूमा सरकारको निष्क्रियता राजतन्त्र पक्षधर आवाजहरूको लागि जिम्मेवार रहेको तर्क गरे। नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले विराटनगरमा कोशी प्रदेश सभालाई आफ्नो विशेष सम्बोधनमा संविधान अनुरूप विद्यमान शासन प्रणालीलाई अझ सुदृढ पार्नुपर्नेमा जोड दिनु भयो। उहाँले विश्व मञ्चमा 'गौरवशाली इतिहास, सार्वभौमसत्ता, लोकतन्त्र र समृद्धि भएको राष्ट्र' को रूपमा देशको पहिचान स्थापित गर्न सबैलाई आ-आफ्नो भूमिका खेल्न अपील गर्नुभयो।

****** ० ******

**अमेरिका-युक्रेन**

अमेरिकाले, युक्रेनले ३० दिनको तत्काल र अन्तरिम युद्धविरामको प्रस्तावमा सहमति जनाएको र अब यसको जवाफ दिने जिम्मेवारी रुसको भएको बताएको छ। अमेरिकाले युक्रेनलाई सैन्य सहायता र गोप्य सूचना प्रदान गर्नेमा लगाएको प्रतिबन्ध पनि हटाएको छ। अमेरिकी विदेशमन्त्री मार्को रोबियोले साउदी अरेबियाको जेद्दा शहरमा युक्रेनी अधिकारीहरूसँगको बैठकपछि पत्रकारहरूलाई यो जानकारी दिनु भयो। संयुक्त राज्य अमेरिका र युक्रेनको संयुक्त विज्ञप्तिले युक्रेनले ३० दिनको तत्काल र अन्तरिम युद्धविरामको लागि अमेरिकी प्रस्तावमा सहमति जनाएको पुष्टि गरेको छ। यद्यपि, आपसी सहमतिमा युद्धविरामको अवधि बढाउन सकिन्छ। अमेरिकाले अब यस विषयमा रुससँग कुरा गर्नुपर्छ र रुसको सहमतिले शान्ति वार्ताको भावी कार्यदिशा तय गर्नेछ।

****** ० ******

**काठमाडौं उपत्यका- होलीको तयारी**

होली पर्वको लागि काठमाडौंका बजार प्राकृतिक रंग, अबीर र पिचकारीहरूले भरिएका छन्। यो पर्व बिहीबार मनाइनेछ। उपत्यकामा होली उत्सव फाल्गुन शुक्ल अष्टमीको दिन रंगीन झण्डाहरू झुण्ड्याइएको तीन तल्ले बाँसको चीरको निर्माणसँगै सुरु हुन्छ र पूर्णिमाको रातमा समापन हुन्छ। भोलिपल्ट टुँडिखेलमा होलिका दहन गरिन्छ जुन वसन्तको आगमनको प्रतीक हो। होली रंगहरूसहित मनाइन्छ र ख्याली, टप्पा र बसन्त रागहरू गाएर, नाच्दै र परिवार र साथीहरूसँग शुभकामना आदानप्रदान गरेर मनाइन्छ।

****** ० ******

**महिला क्रिकेट प्रिमियर लिग**

मुम्बईमा भएको महिला प्रिमियर लिग क्रिकेटको अन्तिम लिग खेलमा रोयल च्यालेन्जर्स बैंगलोरले मुम्बई इन्डियन्सलाई एघार रनले पराजित गरेको छ। जितका लागि २०० रनको लक्ष्य पछ्याएको मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १८८ रन मात्र बनाउन सक्यो। यसअघि मुम्बई इन्डियन्सले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो। पहिले ब्याटिङ गर्दै रोयल च्यालेन्जर्स बैंगलोरले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १९९ रन बनाएको थियो।

****** ० ******